नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभागको

# सूचना !

मिति २०७२/०१/१२ मा आएको विनाशकारी महाभूकम्पबाट सिर्जना भएको जटिल परिस्थितिका कारण करदाताहरुले विद्यमान कर कानून बमोजिम नियमित रुपमा पूरा गर्नुपर्ने कर सम्बन्धी सहभागिता तत्काले जनाउन सक्ने अवस्था नदेखिएकोले नेपाल सरकार (मा.अर्थमन्त्रीस्तर) को मिति २०७२/०१/२३ को निर्णय बमोजिम विभिन्न कर सम्बन्धी विवरणहरु दाखिला र कर रकम भुक्तानी गर्ने म्याद देहाय बमोजिम थप गरिएकोले सरोकारवाला सबै करदाताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

१. २०७२ साल बैशाख २५ गतेसम्ममा पेश गर्नुपर्ने २०७१ साल चैत्र महिनाको मूल्य अभिवृद्धि कर विवरण, अन्तःशुल्क विवरण र अग्रीम आयकर कट्टीको विवरण बुझाउने म्याद २०७२ साल जेष्ठ ७ गतेसम्म थप गरिएको ।

२. माथि बूंदा नम्बर १ मा उल्लिखित विवरण अनुसार दाखिला गर्नुपर्ने कर तथा शुल्क दाखिला गर्ने म्याद २०७२ साल जेष्ठ ७ गतेसम्म थप गरिएको ।

३. आर्थिक ऐन, २०७१ को दफा १४ र १५ बमोजिम दाखिला गर्नुपर्ने २०७१ साल चैत्र महिनाको टेलिफोन स्वामित्व शुल्क र दूरसंचार सेवा दस्तुर दाखिला गर्ने म्याद २०७२ साल जेष्ठ ७ गतेसम्म थप गरिएको ।